## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "केही नेपाल ऐन (संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. कोर्टफी ऐन, २०१७ मा संशोधन: कोर्टफी ऐन, २०१७ को,–

(१) दफा १३ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:–

"तर कोर्टफी तिर्न असमर्थ भनी दफा २३ बमोजिम मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशले पर्चा खडा गरेको पक्षको हकमा निजलाई रू. ५,०००।– पाँच हजारसम्मको बिगो भराउँदा वा त्यति मोलसम्मको कुनै सम्पत्ति चलन चलाउँदा यो उपदफा बमोजिमको दस्तूर लिइने छैन ।"

(२) दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:–

"(३) लाग्ने कोर्टफी नराखी मुद्दा दायर भएकोमा बादी वा अपीलाटले जिते लाग्ने ठहरिएको कोर्टफी विपक्षीबाट दण्ड जरीवाना सरह असूल गरी लिइनेछ ।"

(३) दफा १५ को उपदफा (११) मा रहेको "तीन वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "दुई वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:–



४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) नालिश वा उजूर वा पुनरावेदन गर्ने वादी वा अपीलाटले जिते निजले बुझाएको समाह्वान, इतलायनामा तथा नक्कल दस्तूर र प्रचलित कानूनबमोजिम भरिन सक्ने कानून व्यवसायीको फी, विशेषज्ञ, साक्षी र वारेसको निमित्त भएको मनासिव खर्च र मिसिलबाट मनासिव देखिन आएका अन्य खर्चहरू समेत प्रतिवादी वा विपक्षीबाट र वादी वा अपीलाट हारी प्रतिवादी वा विपक्षीले जिते प्रतिवादी वा विपक्षीले बुझाउन परेको माथि उल्लेख भए बमोजिमको दस्तूर, फी वा खर्च समेत हार्ने वादी वा अपीलाटबाट भरी पाउन सक्नेछ ।"

(५) दफा १७ को उपदफा (१) मा रहेको "तीन वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "दुई बर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(६) दफा २३ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) नालिश वा पुनरावेदन गर्ने वा पुनरावलोकन वा मुद्दा दोहऱ्याई पाउँ भन्ने पक्षको झगडा परेको वस्तु बाहेक अरू जायज्यथा नभई कोर्टफी दाखिल गर्न असमर्थ छ भनी मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशलाई चित्त बुझ्ने कारण भई सो व्यहोरा उल्लेख गरी पर्चा खडा गरेमा ।"

(७) दफा २३ को खण्ड (ग), सो खण्डपछि रहेको स्पष्टीकरण र खण्ड (घ) झिकिएका छन् ।

३. **गाउँ पञ्चायत ऐन, २०१८ मा संशोधनः** गाउं पञ्चायत ऐन, २०१८ को,–



602 P08

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) दफा १२ को उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएको छः–

"(३क.) उपदफा (३) बमोजिम कुनै गाउँ पञ्चायतको नाम र सीमाना श्री ५ को सरकारले हेरफेर गरेमा सोको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।"

(२) दफा २४ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सम्पत्ति गाउँ पंचायतको विकास वा कुनै सार्वजनिक प्रयोजनको लागि गाउँ पंचायतले जिल्ला पंचायतको स्वीकृति लिई बेच-बिखन गर्न सक्नेछ । सो बाहेक अन्य कुनै सम्पत्ति सार्वजनिक कार्यको लागि उपयोग गर्न बाहेक अरु कुनै कार्यमा उपयोग वा हक छाडी कसैलाई दिन वा बेच-बिखन गर्न हुंदैन । गरेमा उजूर परेका बखत जुनसुकै अवस्थामा बदर हुनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः–

"(२क) उपदफा (२) बमोजिमको उजूरी सुन्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ र प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ । प्रमुख जिल्ला अधिकारीको निर्णय मालपोत कार्यालयले कार्यान्वयन गर्नेछ ।"

(३) दफा ४१ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः–

"(६) यस दफामा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ न्याय समितिका सदस्यहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनोनीत गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ३० नम्बरमा उल्लिखित व्यक्तिहरूलाई मनोनीत गर्न हुंदैन। गाउँ पंचायतको प्रधानपंच वादी वा प्रतिवादीको नाता पर्ने भएमा उप-प्रधानपंचलाई र उप-प्रधानपंच पनि नाता पर्ने भएमा अरु कुनै सदस्यलाई गाउँ न्याय समितिको अध्यक्ष तोक्न सक्नेछ।"

(४) दफा ४१ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः—

"(८) गाउँ न्याय समितिको निर्णयमा चित्त नबुझने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालतमा उजूर गर्न सक्नेछ।"

४. जिल्ला पंचायत ऐन, २०१९ मा संशोधनः जिल्ला पंचायत ऐन, २०१९ को,—

(१) दफा ३४ को प्रतिबन्धात्मक वाक्यांशको अन्त्यमा देहायको वाक्य थपिएको छः—

"स्वीकृति विना बेच-बिखन वा हक छाडी दिएमा उजुर परेका बखत जुनसुकै अवस्थामा बदर हुनेछ।"

(२) दफा ४५क. खारेज गरिएको छ।

५. हातहतियार खरखजाना ऐन, २०१९ मा दफा ५क. थपः हातहतियार खरखजाना ऐन, २०१९ को दफा ५ पछि देहायको दफा ५क. थपिएको छः—

"५क. निर्वाचन अवधिमा हातहतियार लिएर हिंड्न मनाहीः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय पंचायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ९ वा स्थानीय पंचायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ६ बमोजिम उम्मेदवारको लागि दरखास्त दिने मिति-

४०४ ४०३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखि निर्वाचनको परिणाम घोषणा भएको सात दिनसम्मको अवधिभर सुरक्षासम्बन्धी सरकारी कर्मचारीबाहेक अरू कसैले निर्वाचन क्षेत्रमा लाइसेन्स प्राप्त हातहतियार पनि लिई हिंड्न हुंदैन ।

(२) कसैले उपदफा (१) को बर्खिलाप हातहतियार लिई हिंडेमा लाइसेन्स नभएको हातहतियार लिएर हिंडेको सरह मानी निजलाई दफा ५ बमोजिम कारबाई हुनेछ।"

६. सवारी ऐन, २०२० मा संशोधन: सवारी ऐन, २०२० को दफा ५४ को,–

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ:–

"(१क) दफा ५१ बमोजिम सजाय हुने अवस्थामा ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकदारलाई क्रिया खर्च र क्षतिपूर्तिको रकम र अंगभंग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम सम्बन्धित प्रहरी कार्यालयले तत्कालै सवारी चालकबाट भराई दिनु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेको "बढीमा तीनसय रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

७. कानून व्यवसायी ऐन, २०२५ मा संशोधन: कानून व्यवसायी ऐन, २०२५ को दफा १८ को उपदफा (१) को खण्ड (ख१) को सट्टा देहायको खण्ड (ख१) राखिएको छ:–

"(ख१) श्री ५ को सरकारले सर्वोच्च अदालतसंग परामर्श गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रका अड्डा अदालतमा वा



४०७ ४०७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जुन सुकै क्षेत्रमा भए पनि कैदी थुनुवाद्वारा अदालतमा पेश गर्ने लिखतका हकमा घूस, जालसाजी वा किर्तेमा सजाय पाएका बाहेक जोसुकैद्वारा लेखाई पेश गर्न सक्नेछ ।"

८. स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधन: स्थानीय प्रशासन ऐन, २०२८ को,–

(१) दफा ९ को उपदफा (६) पछि देहायको उपदफा (६क.) थपिएको छ:–

"(६क.) सरकारी जग्गा वा सार्वजनिक जग्गामा आफ्नो हक कायम नभै कसैले घर बनाउन हुंदैन । कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ । त्यस्तो आदेश दिंदा घर बनाई सकेको वा बनाई रहेको भए एक महीनाभित्र घर भत्काई लैजान समेत आदेश दिन सक्नेछ । सो म्यादभित्र घर भत्काई नलगेमा त्यस्तो घर बनाउनेलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रूपैयांसम्म जरीवाना गरी त्यस्तो घर भत्काउन सक्नेछ र त्यसरी घर भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असूल गर्न सक्नेछ ।

स्पष्टीकरण:

(१) यस उपदफाको प्रयोजनको लागि सार्वजनिक जग्गा भन्नाले परापूर्वदेखि हिंडी आएको बाटो, सडक, गौचर, पानीघाट, चिहान, मसानघाट, कुवा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सार्वजनिक पोखरी, पोखरीको डील, खाने पानीको मूल, गाई बस्तु निकाल्ने निकास, हाटमेला लाग्ने ठाउं, सार्वजनिक मनोरंजन र खेलकूद गर्ने ठाउँ, त्यस्तै सार्वजनिक रूपमा चलन भई आएको वा संधिसर्पन पर्ने जग्गा र श्री ५ को सरकारले कमौट नगर्नु भनी बक्याइएको वा रोक्का राखिएको जग्गालाई जनाउंछ ।

(२) यस उपदफाको प्रयोजनका लागि घर भन्नाले खर, फूस वा टिनको छाना भएको वा नभएको छाप्रो र कच्ची बनौटलाई समेत जनाउँछ ।"

(२) दफा १० पछि देहायको दफा १०क. थपिएको छः–

"१०क. सार्वजनिक सम्पत्तिको अभिलेख: (१) सर्भे नापी नक्साबाट वा लालमोहर, खड्ग निशाना, ताम्रपत्र, शिलापत्र वा त्यस्तै आधिकारिक लिखतबाट देखिएका सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादिका लगत प्रमुख जिल्ला अधिकारीको कार्यालयले तैयार गरी त्यसको अभिलेख राखी त्यसको एक एक प्रतिलिपि मालपोत कार्यालय र जिल्ला पंचायतको कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि श्री ५ को सरकारको पूर्वस्वीकृति नलिई कसैले आबाद गर्न वा आबाद गर्ने अनुमति दिनु हुंदैन । आवाद



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेमा वा गर्न अनुमति दिएमा सो गर्न वा गर्न अनुमति दिने व्यक्तिलाई बिगोबमोजिम जरीबाना वा तीन महीनासम्म कैद वा दुबै सजाय हुनेछ।

(३) कुनै सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि कसैले दर्ता गराएको रहेछ भने सो दर्ता बदर हुनेछ। सो बमोजिम दर्ता बदर गराउन कुनै हदम्याद हुने छैन।"

६. संक्षिप्त कार्यविधि ऐन, २०२८ मा संशोधनः संक्षिप्त कार्यविधि ऐन, २०२८ को,–

(१) दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) यो ऐन प्रारम्भ भएपछि दायर हुने देहायका कुनै मुद्दाको शुरू तथा पुनरावेदन कारबाई गर्दा यस ऐनबमोजिमको कार्यविधि अपनाउनु पर्नेछः–

(क) अनुसूची १ मा उल्लिखित मुद्दा, वा

(ख) अनुसूची २ मा उल्लेख भएको बाहेक एक हजार रूपैयाँसम्म मोल वा बिगो समावेश भएको देवानी मुद्दा वा एक हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा सो दुवै सजाय हुन सक्ने फौज्दारी मुद्दा।"

(२) दफा ११ पछि देहायका दफा ११क. र ११ख. थपिएका छन्ः–

"११क. पुनरावेदनको म्यादः (१) अदालतबाट मुद्दा फैसला गरे पछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अदालतको नाम समेत बताई निजबाट फैसला सुनी पाएको ब्यहोराको कागज गराई राख्नु पर्नेछ ।

(२) फैसला हुंदा झगडिया हाजिर नरहेकोमा सो मुद्दाको फैसलाको ब्यहोरा र सो फैसला उपर पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अदालतको नाम समेत खुलाई सो झगडियाको नाममा मुद्दा छिन्ने अदालतले तत्कालै म्याद पूर्जि जारी गर्नु पर्नेछ ।

(३) पुनरावेदन लाग्ने मुद्दामा उपदफा (१) बमोजिम झगडिया मुद्दा छिन्ने अदालतमा हाजिर भै फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया हाजिर नभै उपदफा (२) बमोजिम पुनरावेदनको म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले तीस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसला उपर पुनरावेदन दिन सक्नेछ । उक्त म्याद नाघेपछि पुनरावेदन लाग्न सक्तैन ।

(४) उपदफा (२) बमोजिम पुनरावेदनको म्याद दिनु पर्नेमा अदालतबाट त्यस्तो म्याद जारी नै गरिएको रहेनछ भने झगडियाले आफूलाई लागेको दण्ड जरीबाना तिरेको वा फैसलाको नक्कल लिएकोमा सो मध्ये जुन काम अघिल्ला मितिमा भए गरेको छ सोही मितिले पुनरावेदन दिने म्याद कायम हुनेछ ।

११ख. पुनरावेदन किनारा गर्नु पर्ने अवधि: (१) पुनरावेदन किनारा गर्दा सो मुद्दाको अघि छिनेको मिसिल



४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दाखिल भएको मितिले नब्बे दिनभित्र किनारा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा पुनरावेदन किनारा गर्ने समयका सम्बन्धमा जुनसुकै कुरा लेखिएको भए तापनि सो समय अगाडि नै पुनरावेदन किनारा गर्न अंग पुगिसकेको भए सो मितिले तीन दिन-भित्र किनारा गर्नु पर्नेछ ।"

लालमोहर सदर मितिः– २०४३।७।२४।२

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

४९०



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

४०४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।